केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२५/०६८/६९ मिति: २०६८/११/२९

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६८ को इ.प्रा. निर्देशन नं. ५।०६८ को बुँदा नं. २ को उपबुँदा (५) मा उल्लिखित व्यहोरा पछि देहायको व्यहोरा थप गरिएको छ।
*"बैंक तथा वित्तीय संस्थाले विदेशी मुद्रामा पाँच वर्ष वा सो भन्दा बढी अवधिको दिर्घकालीन ऋण लिई कर्जा प्रवाह गरेको भएमा त्यस्तो दिर्घकालीन ऋण रकमलाई यस खण्डको प्रयोजनको लागि स्रोत परिचालनमा गणना गर्न सकिनेछ।"*

२. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६८ को इ.प्रा. निर्देशन नं. १६।०६८ को बुँदा नं. ४ को उपबुँदा (२) मा उल्लिखित व्यहोरा पछि देहायको व्यहोरा थप गरिएको छ।
*"विदेशी मुद्रामा आर्थिक दायित्व नपर्ने गरी विदेशी संस्था वा निजको नेपाल राज्यमा स्थापित संस्था वा परियोजनाबाट यस बैंकबाट पूर्व स्वीकृति लिई स्वदेशी मुद्रामा ऋण तथा अनुदान लिन सक्नेछन्।"*

३. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६८ को इ.प्रा. निर्देशन नं. २१।०६८ को बुँदा नं. ९ ("ख", "ग" र "घ" वर्गका वित्तीय संस्थाहरुले विदेशी विनिमय सम्वन्धी कार्य गर्ने सम्बन्धमा) मा देहायको खण्ड (ज) थप गरिएको छ।
*(ज) बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति न्यून रहेका तोकिएका ३० जिल्लामा खोलिएका "ग" वर्गका वित्तीय संस्थाका शाखा कार्यालयहरुले प्रचलित कानून बमोजिम विदेशी विनिमय सटही इजाजतपत्र लिई विदेशी मुद्रा खरिद गरी नेपाल राष्ट्र बैंक वा वाणिज्य बैंकहरुलाई बिक्री गर्न सक्ने।*

४. यस बैंकबाट मिति २०६८/०९/२० मा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको बै.वि.नि.वि./नीति/परिपत्र/१८/०६८/६९ को बुँदा नं. १ (अन्तर बैंक कारोवार सम्बन्धी व्यवस्था) लाई देहाय बमोजिम संशोधन गरिएको छ।
*"कुनै बैंक तथा वित्तीय संस्थाहरु बीच अन्तर बैंक कारोवार अन्तरगत दिएको सापटी* ***वा अर्को बैंक वा वित्तीय संस्थामा राखेको निक्षेप*** *समयमा असुल उपर हुन नसकेको अवस्थामा त्यस्तो सापटी वा*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*निक्षेपको साँवा तथा व्याज असुल उपर गर्ने प्रयोजनको लागि सापटी **वा निक्षेप** लिने सम्बन्धित बैंक वा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा खरिद गर्न इच्छुक सापटी दिने **वा निक्षेप राख्ने** बैंक वा वित्तीय संस्थाले यस बैंकको पूर्व स्वीकृति लिई देहायका प्रकृया अवलम्बन गरी कर्जा खरीद गर्न सक्ने छः*

*(क) कर्जा खरीद गर्दा कुल असुल उपर गर्न बाँकी साँवा तथा व्याज रकमको दोव्वर भन्दा कम नहुने गरी कर्जा खरीद गर्नु पर्ने छ ।*

*(ख) कर्जा खरिद गर्ने र कर्जा विक्री गर्ने संस्था बीच आपसी समझदारीमा यथास्थितिमा कर्जा खरीद तथा विक्री गर्नु पर्ने छ ।*

*(ग) कर्जा खरीद गर्दा आंशिक भुक्तानी गर्ने गरी कुनै किसिमले कर्जा खरीद गर्न पाइने छैन ।"*

५. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले रुग्ण उद्योगहरुको अभिलेख व्यवस्थापन, अनुगमन र समस्या समाधानमा सघाउ पुऱ्याउने प्रयोजनका लागि कर्जा विभाग अन्तर्गत एउटा छुट्टै रुग्ण उद्योग हेर्ने डेस्क तोक्नु पर्नेछ ।

६. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले निक्षेप खाता संचालन गरे वापत ग्राहकबाट कुनै किसिमको सेवा शुल्क लिन पाइने छैन ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।